# नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

प.सं. ०८३/०८४
चलानी नं.

मिति:२०८३।०६।०२

**पत्रपत्रिकामा सूचना प्रकाशनको लागि शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना**
**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३।०६।०२ गते**

यस लेकवेशी नगरपालिकाबाट आ.व.०८३/०८४ मा राष्ट्रिय स्तरको दैनिक तथा स्थानिय पत्रिकामा विज्ञापन तथा अन्य सूचनाहरु छपाई तथा प्रकाशन कार्य गराउनु पर्ने भएकोले ईच्छुक विज्ञापन एजेन्सी एवं प्रकाशन गृहहरुले दरभाउपत्र घटाघटको माध्मबाट प्रति सिसि (साईज) न्यूनतम मूल्य उल्लेख गरि दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । दरभाउपत्र सम्बन्धी कागजात यस लेकवेशी नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ।

| ठेक्का नं | ठेक्का विवरण | दरभाउपत्र दस्तुर |
|---|---|---|
| SQ/SERVICES/LM/01/083-084 | आ.व. २०८३-०८४ को लागि लेकवेशी नगरपालिकाको लागि पत्रपत्रिकामा सुचना प्रकाशन | १,०००।- |

दरभाउपत्र सम्बन्धी शर्तहरु

१. माथि उल्लेखित दरभाउपत्र भर्दा प्रति सिसि (साईज) न्युनतम मूल्य अङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ। जुन कबोलकर्ताको अङ्क घटी हुन्छ सो कबोलकर्ताको दरभाउपत्र स्वीकृत गरिनेछ।

२. दरभाउपत्र सकार गर्ने विज्ञापन एजेन्सी तथा प्रकाशन गृहले आ.व. २०८३।०८४ मा नगरपालिकाबाट सूचना प्रकाशनका लागि पेश भएका दरभाउपत्र तथा सूचनाहरु "क" वर्गमा सूचिकृत भएका राष्ट्रिय दैनिक तथा स्थानिय पत्रिकामा कार्यालयको दिर्देशन बमोजिम प्रकाशन गर्नु पर्नेछ।

३. नगरपालिकाले प्रति सिसि (साईज) न्यूनतम मूल्य उल्लेख गरी पेश गरेका दरभाउपत्रहरु मध्ये कम दररेट पेश गर्ने दरभाउपत्रदाताको दरभाउपत्र प्रति ईकाईमा छुट्टाछुट्टै स्वीकृत गरिनेछ ।

४. विज्ञापन तथा सूचना प्रकाशन अवधि मिति २०८३ भाद्र २० गते देखि २०८४ असार मसान्तसम्म कायम रहनेछ।

५. फर्मको हकमा नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र आ.व.२०८२।०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सिलबन्दी दरभाउपत्र फाराम दस्तुर वापत प्राइम कमर्सियल बैंक लि. लेकवेशी शाखा सुर्खेतमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ०६१०१०००००००४७४००१०६ खातावालाको नामः Ga 1.1 ANTRICK RAISWA A/C मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन मितिः २०८३।०६।०८ गते कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्र फाराम

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

प.सं. ०८३/०८४
चलानी नं.

मितिः२०८३।०६।०२

खरिद गर्न सकिनेछ । खामबन्दि सिलबन्दी दरभाउपत्र मिति २०८३।०६।०९ गते दिउसो १२ बजे सम्म कार्यालयमा पेश गर्न सकिनेछ ।

६. सिलबन्दी दरभाउपत्र फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयको धरौटी हि.नं. ०६१०१०००००००४८३००१९८ खातावालाको नामः Ga.3 Dharauti A/C मा ठेक्का सुरक्षण बापतको रकम रु. ४०,०००।- (अक्षरुपी चालिस हजार रुपैयाँ मात्र) को दाखिला गरेको भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको ४५ दिनको म्याद सहित बिड बण्ड सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

७. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. दरभाउपत्र पेश गर्दा कुनै पनि प्रकारको शर्त मान्य हुनेछैन। साथै रित नपुगी आएको दरभाउपत्र उपर कुनैपनि कारवाही हुनेछैन ।

९ . दरभाउपत्र सम्बन्धी कुनै विवाद भएमा लेकवेशी नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

१०. कार्यालयमा प्राप्त भएका दरभाउपत्रहरु मिति २०८३।०६।०९ गते दिनको १:०० बजे खोलिनेछ ।

११. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलि पल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

१२. नगरपालिकाबाट प्रकाशन भएका सूचनाहरुको भुक्तानी वील प्राप्त भएपछि गरिनेछ ।

१३. स्वीकृत हुने दरभाउपत्रदाताले विज्ञापन सूचना प्रकाशनको कार्य गर्दा छपाईका लागि दिनु पूर्व इमेल मार्फत् साइज र सूचना नगरपालिकाबाट एकिन गरेर मात्र प्रकाशन गर्नु पर्नेछ ।

१४. अन्य कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# विज्ञापन सेवा खरिदका कार्य क्षेत्रगत शर्तहरू

१.सम्पूर्ण राष्ट्रिय र स्थानिय स्तरका कार्यको लागि प्रति ईकाईमा कम कबोल गर्ने विज्ञापन एजेन्सीसँग छुट्टाछुट्टै सम्झौता गर्न सकिनेछ।

२.प्रकाशन/प्रसारण हुने सूचनाको सामान्य डिजाईन/सम्पादन छनौट भएको एजेन्सीले गर्नुपर्नेछ।

३.प्रकाशन/प्रसारण हुने सूचनाको विशेष डिजाईन/सम्पादन गर्नु परे छुट्टै दर रेट लागु हुन सक्नेछ।

४.अर्को दिनको लागि प्रकाशन/प्रसारण हुने सूचना कार्यालयले अपरान्ह सात बजे सम्म उपलब्ध गराउनेछ। सो समय सम्म प्राप्त सूचना कार्यालयले तोकेको संचार माध्यममा प्रकाशन/प्रसारण गर्नुपर्नेछ। उल्लेखित समय पश्चात प्राप्त सूचनाको प्रकाशन/प्रसारण हुन नसक्ने भए सोको पूर्व जानकारी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

५.प्रकाशन/प्रसारण भएको सूचना त्रुटी रहित, प्रस्ट, स्पष्ट, पढ्नयोग्य तथा बुझ्नयोग्य हुनुपर्नेछ।

६.एजेन्सी वा प्रकाशन/प्रसारण माध्यमको कारणले प्रकाशन/प्रसारण भएको सूचनामा कुनै त्रुटी भएमा, प्रकाशन/प्रसारण नभएमा, कार्यालयले तोकेभन्दा फरक माध्यममा प्रकाशन/प्रसारण भएमा, कार्यालयले उपलब्ध नगराएको सूचना प्रकाशन/प्रसारण भएमा सोको जवाफदेहिता सम्बन्धित एजेन्सीको हुनेछ। उल्लेखित अवस्थाका कारण पुनः प्रकाशन/प्रसारण वा संशोधनको सूचना प्रकाशन/प्रसारण गर्ने दायित्व समेत सम्बन्धित एजेन्सीको हुनेछ।

७.एजेन्सी वा प्रकाशन संस्थाको त्रुटिपूर्ण प्रकाशन/प्रसारण तथा सो का कारण हुने संशोधन बापतको भुक्तानी कार्यालयबाट हुने छैन।

८.सम्पन्न भएको प्रकाशन/प्रसारण बापत भुक्तानी योग्य विवरण तथा कर बिजक प्राप्त भएको मितिले सामान्यतया पन्ध्र दिन भित्र कार्यालयले सम्बन्धित एजेन्सीलाई भुक्तानी गर्नेछ।

९.अग्रिम कर (TDS) तथा मू.अ. कर कट्टी प्रचलित ऐन/नियमानुसार हुनेछ।

१०.प्रकाशन/प्रसारण गृहले सार्वजनिक गरेको आधारभूत दर रेट परिवर्तन भएमा सोको प्रमाण पेश गर्नुपर्नेछ।

११.प्रकाशन/प्रसारण हुने सूचना कार्यालयले पत्र, ईमेल, फोन वा अन्य सामाजिक संजाल मार्फत् समेत उपलब्ध गराउन सक्नेछ।

१२. एजेन्सीले सूचना प्रकाशित भएको दिनमा प्रकाशित सूचना प्रस्ट देखिने गरि पत्रिकाको Cutting, soft copy ईमेल मार्फत् पठाउनु पर्नेछ।

१३.एजेन्सी बाहेक उपरोक्त शर्तहरू पालना गर्न सक्ने संस्था सँग सोझै कारोबार गर्न कार्यालयलाई कुनै बाधा पर्ने छैन।

१५.सेवा प्रदायकले पेश गरेको दर रकम सम्झौता अवधि सम्म कायम रहेको मानिने छ र उक्त अवधिभर छुट दर परिवर्तन गर्न सकिने छैन।

१६.अवधि २०८४ साल असार मसान्त सम्म बहाल रहनेछ।

१७.खरिदका अन्य शर्तहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम बमोजिम हुनेछ।